(प्रदेश सरकार, प्रदेश नं. ५, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, कपिलवस्तुमा दर्ता रहेको), दर्ता नं.: ९०४७/०७६, दर्ता मितिः २०७६/०३/१५, स्थायी लेखा नं.: ६१०८४३०२२, ठेगानाः कपिलवस्तु जिल्ला, बाणगंगा न.पा., वडा नं. ४ ।

**प्रोप्राईटर तथा व्यक्तिगत जमानतकर्ताः**

**रघुनाथ उपाध्यायः** ना.प्र.प.नं. (जारी मिति/स्थान): १/०८/५८४१५ (२०६१/०९/२५/कपिलवस्तु), बाजेको नामः खगेश्वर उपाध्याय, बाबुको नामः केशवराज उपाध्याय, ठेगानाः कपिलवस्तु जिल्ला, गजेहडा गा.वि.स., वडा नं. १ स्थायी ठेगाना भई हाल कपिलवस्तु जिल्ला, बाणगंगा न.पा., वडा नं. ४ ।

**व्यक्तिगत जमानतकर्ताः**

**अनिता उपाध्यायः** ना.प्र.प.नं. (जारी मिति/स्थान): ३८-०१-०६९-२९२४७ (२०६९/११/२२/कपिलवस्तु), बाबुको नामः कृष्ण प्रसाद अर्याल, ससुराको नामः केशवराज उपाध्याय, पतिको नामः रघुनाथ उपाध्याय, ठेगानाः कपिलवस्तु जिल्ला, गजेहडा गा.वि.स., वडा नं. १ स्थायी ठेगाना भई हाल कपिलवस्तु जिल्ला, बाणगंगा न.पा., वडा नं. ४ ।

**५. ऋणीको नामः रघुनाथ उपाध्याय** **कर्जा शिर्षकः** व्यक्तिगत ओभरड्राफ्ट
ना.प्र.प.नं. (जारी मिति/स्थान): १/०८/५८४१५ (२०६१/०९/२५/कपिलवस्तु), बाजेको नामः खगेश्वर उपाध्याय, बाबुको नामः केशवराज उपाध्याय, ठेगानाः कपिलवस्तु जिल्ला, गजेहडा गा.वि.स., वडा नं. १ स्थायी ठेगाना भई हाल कपिलवस्तु जिल्ला, बाणगंगा न.पा., वडा नं. ४ ।

**व्यक्तिगत जमानतकर्ताः**

**अनिता उपाध्यायः** ना.प्र.प.नं. (जारी मिति/स्थान): ३८-०१-०६९-२९२४७ (२०६९/११/२२/कपिलवस्तु), बाबुको नामः कृष्ण प्रसाद अर्याल, ससुराको नामः केशवराज उपाध्याय, पतिको नामः रघुनाथ उपाध्याय, ठेगानाः कपिलवस्तु जिल्ला, गजेहडा गा.वि.स., वडा नं. १ स्थायी ठेगाना भई हाल कपिलवस्तु जिल्ला, बाणगंगा न.पा., वडा नं. ४ ।

**माथि उल्लेखित दुई ऋणीहरुको लागि धितो लेखिदिएको सम्पत्तिको विवरणः**

खगेश्वर उपाध्यायको नाति, केशवराज उपाध्यायको छोरा, कपिलवस्तु जिल्ला, गजेहडा गा.वि.स., वडा नं. १ स्थायी ठेगाना भई हाल कपिलवस्तु जिल्ला, बाणगंगा न.पा., वडा नं. ४ बस्ने **रघुनाथ उपाध्याय**को नाममा मालपोत कार्यालय तौलिहवा, कपिलवस्तुको लगतमा दर्ता श्रेष्ता कायम रहेको कपिलवस्तु जिल्ला, गजेहडा गा.वि.स./न.पा., वडा नं. १/ख स्थित कि.नं. १८५२ को क्षेत्रफल ०-१-१८-० बिघाको जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।

**६. ऋणीको नामः सुबेक्षा टायल उत्पादन** **कर्जा शिर्षकः** चालुपुजी कर्जा
(रामधुनी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय झुम्का, सुनसरीमा दर्ता रहेको), दर्ता नं.: ९४, दर्ता मितिः २०७६/०५/२५, स्थायी लेखा नं.: ६११९२०३८०, ठेगानाः सुनसरी जिल्ला, रामधुनी न.पा., वडा नं. २ ।

**प्रोप्राईटरः**

**सुरत लाल चौधरीः** ना.प्र.प.नं. (जारी मिति/स्थान): ३५०८१/३७०८१ (२०५३/०३/१३/सुनसरी), बाजेको नामः टिकु चौधरी, बाबुको नामः कोकाइ चौधरी, ठेगानाः सुनसरी जिल्ला, मधेशा गा.वि.स., वडा नं. १ परिवर्तित सुनसरी जिल्ला, ईनरूवा न.पा., वडा नं. ६ ।

**व्यक्तिगत जमानतकर्ताहरूः**

**क. धोति देवी थरूनीः** ना.प्र.प.नं. (जारी मिति/स्थान): १००/२३ (२०४६/०१/१८/सुनसरी), बाबुको नामः जसि लाल चौधरी, ससुराको नामः टिकु चौधरी, पतिको नामः कोकाइ चौधरी, ठेगानाः सुनसरी जिल्ला, मधेशा गा.वि.स., वडा नं. १ परिवर्तित सुनसरी जिल्ला, ईनरूवा न.पा., वडा नं. ६ ।

**ख. कोकाइ चौधरीः** ना.प्र.प.नं. (जारी मिति/स्थान): ९९५(क)/३७८६ (२०३६/०७/०७/सुनसरी), बाजेको नामः विलट चौधरी, बाबुको नामः टिकु चौधरी, ठेगानाः सुनसरी जिल्ला, झुमका गा.वि.स., वडा नं. १ परिवर्तित सुनसरी जिल्ला, ईनरूवा न.पा., वडा नं. ६ ।

**ग. सीता चौधरीः** ना.प्र.प.नं. (जारी मिति/स्थान): ०६१०२२/१३६२६३ (२०६६/०१/१०/सुनसरी), बाबुको नामः नारायण चौधरी, ससुराको नामः कोकाइ चौधरी, पतिको नामः सुरत लाल चौधरी, ठेगानाः सुनसरी जिल्ला, मधेशा गा.वि.स., वडा नं. १ परिवर्तित सुनसरी जिल्ला, ईनरूवा न.पा., वडा नं. ६ ।

**घ. सुनिल चौधरीः** ना.प्र.प.नं. (जारी मिति/स्थान): ०६-०१-७३-१०८८० (२०७३/१०/२६/सुनसरी), बाजेको नामः कोकाइ चौधरी, बाबुको नामः सुरत लाल चौधरी, ठेगानाः सुनसरी जिल्ला, मधेशा गा.वि.स., वडा नं. १ परिवर्तित सुनसरी जिल्ला, ईनरूवा न.पा., वडा नं. ६ ।

**धितो लेखिदिएको सम्पत्तिको विवरणः**

जसि लाल चौधरीको छोरी, टिकु चौधरीको बुहारी, कोकाइ चौधरीको पत्नी, सुनसरी जिल्ला, मधेशा गा.वि.स., वडा नं. १ परिवर्तित सुनसरी जिल्ला, ईनरूवा न.पा., वडा नं. ६ बस्ने **धोति देवी थरूनी**को नाममा मालपोत कार्यालय इनरूवा, सुनसरीको लगतमा दर्ता श्रेष्ता कायम रहेको सुनसरी जिल्ला, मधेशा गा.वि.स./न.पा., वडा नं. ४/क स्थित कि.नं. १९६५ को क्षेत्रफल ०-०-१६-० बिघाको जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।

NMB BANK एनएमबि बैंक समृद्ध नेपालको लागि | A JOINT VENTURE WITH FMO Entrepreneurial Development Bank The Netherlands | Member of : Global Alliance for Banking on Values

**एनएमबि बैंक लिमिटेड**
कर्जा असुली विभाग, नक्साल, काठमाण्डौं
सम्पर्क नं. ९७७-०१-४५४६४५४, ०१-४५३८६४७, ९८५११३९४१९

सम्पादकीय

# नवनियुक्त आईजीपीसामु चुनौतीका चाङ

नेपाल प्रहरीको ३१ औं प्रहरी महानिरीक्षक (आईजीपी) दीपक थापासामु दर्जनौं चुनौती छन् । त्यसलाई सम्बोधन गर्न सक्नु उहाँको अवसर पनि हो । हिजो मंगलबार गृहसचिव गोकर्णमणि दुवाडीले दर्ज्यानी चिह्न लगाएपछि उहाँले कार्यभार सम्हाल्नुभएको छ । उहाँसामु शान्तिसुरक्षा र सु–व्यवस्था कायम गर्ने विषय चुनौतीका रुपमा रहेका छन् । प्रहरीले शान्तिसुरक्षा कायम गर्न सबै पहल गरिरहेका हुन्छ तर जनतालाई अनुभूति गर्ने गरी शान्तिसुरक्षा कायम गर्न सक्नु उहाँको अवसर पनि हो । यो जनताको अपेक्षा पनि हो । हुन त उहाँको कार्यकालको हिसाबकिताब गर्ने हो भने पूरापुर ६ महिना पनि छैन । नेपाल प्रहरी ऐनको विधेयक संशोधनको प्रयास भइरहेको छ । संसद्मा छलफलको क्रममा रहेको सो विधेयक पास भए उहाँको कार्यकाल साढे दुई वर्ष थप हुनेछ ।

अहिले समाजमा अपराधका नयाँ–नयाँ घटना बढ्दो क्रममा छन् । बर्सेनि बढिरहेको लागूऔषध, साइबर अपराध, आत्महत्या, सवारी दुर्घटनालगायतका विभिन्न सामाजिक अपराधहरू गम्भीर सुरक्षा चुनौतीको रूपमा देखा परेको छ । विभिन्न जातीय आन्दोलनलगायतलाई नियन्त्रण गर्न पनि चुनौती देखिएको छ । दिनदिनै बढ्दो क्रममा रहेको हत्या आतंक, लागूऔषध तस्करी नियन्त्रण, खुला सिमानामा हुने अपराध नियन्त्रण गर्नु उहाँका मुख्य चुनौती हुन् । सुन तस्कर मौलाउन थालेको छ । त्यति मात्र नभएर पदभार ग्रहण गरेकै दिन हिजो २५ करोड रुपियाँ अवैध रकम तस्करीको घटना सार्वजनिक भएको छ । त्यस्ता चुनौतीलाई कुशलतापूर्वक न्यूनीकरण गरेर मुलुकको शान्ति सुव्यवस्था कायम गर्नु उहाँमाथिको चुनौती हो ।

त्यसबाहेक संसद्मा विचाराधीन प्रहरी विधेयक, यसमा प्रस्तावित सेवा सर्तदेखि समायोजनसम्मका जटिलता हल गर्नु पनि उहाँको कार्यकालका निम्ति सर्वाधिक चुनौतीको विषय हो । त्यस्तै निर्मला पन्तको हत्यारा पत्ता लगाउनु अर्को चुनौती हो । उहाँले संगठन सञ्चालनमा भनसुन र शक्तिकेन्द्रलाई कति ठाउँ दिनुहन्छ ? हेर्न बाँकी छ । संगठनका हितमा संगठन चलाउने कि विभिन्न स्वार्थ समूहको हित रक्षा गर्ने ? थापाको काँधमा उभिएको यो सबैभन्दा ठूलो चुनौती हो । त्यति मात्र होइन, हिन्दुराज्य र राजतन्त्रको पक्षमा आन्दोलन गर्ने तयारी गरेका दल र विभिन्न संघ–संगठनको आन्दोलन कसरी व्यवस्थापन गर्ने, प्रतिपक्ष दलको गणतन्त्रको समर्थनमा हुने र्‍यालीलगायतका कार्यक्रमलाई कुन ढंगले सुरक्षा दिने भन्ने विषय अर्को नयाँ चुनौती हो । पछिल्लो समयमा राजावादीसँग मिलेर दुर्गा प्रसाईंलगायत साना–ठूला अभियानले गर्ने गणतन्त्रविरोधी कार्यक्रमलाई कसरी नियन्त्रण गर्ने भन्ने विषय त्यत्तिकै महत्वपूर्ण छ । यस्ता चुनौतीसहित प्रहरी प्रमुख थापामाथि अवसर पनि छ । प्रहरीको साख वृद्धि गर्दै निष्ठा, इमानदारिता, कर्तव्यनिष्ठ र जवाफदेहीपूर्वक जिम्मेवार हुनुपर्नेछ ।

करिब ८० हजार प्रहरीको कमान्डर प्रहरी प्रमुख थापाले नयाँ सुरक्षा रणनीति अघि बढाउनुपर्नेछ । राजनीतिक सोर्सफोर्सभन्दा पनि वरिष्ठताको आधारमा नियुक्ति हुनुभएका प्रहरी महानिरीक्षक थापाले प्रहरी सरुवा–बढुवा गर्दा हाम्रालाई भन्दा पनि राम्रालाई प्राथमिकता दिनुपर्नेछ । छोटो समयमा पपुलर भएर बिदा हुने हो भने आजबाटै नयाँ योजना थाल्नुपर्छ, रणनीति बनाउनुपर्छ । होइन, परम्परागतरुपमै संगठन सञ्चालन गरेमा समस्या आउन सक्छ ।

# राष्ट्रिय एकता र राष्ट्रियताको मर्ममा कर्तव्यका कुरा



सागर पण्डित

हामीकहाँ देशमा विकास र सुशासन कायम हुन सकेन भनेर त्यसको वास्तविक कारण र मर्म पहिचान गर्नुभन्दा एउटा पक्षले अर्को पक्षलाई आरोप-प्रत्यारोप गर्ने अनि देशलाई कंगाल नै बनायो भनेर सबै दोष राजनीतिक नेतृत्व एवं प्रशासनिक पक्षलाई थोपर्ने प्रवृत्ति व्यापक छ। चारैतिर निराशा फैलाउने र देश खत्तम नै भयो भन्ने भाष्य पनि सिर्जना गरिँदै छ। तर देशमा विकास, समृद्धि र सुशासन कायम गर्न कुन-कुन पक्षका के-कस्ता भूमिका रहनुपर्छ भन्ने बारेमा खोजतलास अनि बहस पैरवी नै हुन सकेको छैन। पक्कै पनि राजनीति देशको प्रमुख नीति नै हो। त्यसैले राजनीति गर्नेहरूको हातमा मुलुकको भविष्य अडिएको हुन्छ। राजनीतिलाई सफल र असफल बनाउने भूमिका प्रशासनिक क्षेत्रको हुन्छ। अतः मुलुकलाई समृद्ध बनाउने प्रमुख भूमिका राजनीति र प्रशासनकै हो। तर देश बनाउने जिम्मेवारी यी दुई पक्षको मात्रै होइन, निजी क्षेत्रको पनि त्यत्तिकै ठूलो भूमिका रहन्छ भने आम नगारिक समाजको सकारात्मक सहयोग, सहभागिता र सकारात्मक सोचविना मुलुकलाई किमार्थ पनि समृद्ध बनाउन सकिँदैन। त्यसैले हाम्रो निजी क्षेत्र पनि आमूलरुपमा सच्चिन जरुरी छ। त्यसका साथै नागरिक समाजका सबै सदस्यहरूले पनि मुलुकको विकास, समृद्धि र सुशासनका लागि आवश्यक भूमिका निर्वाह गर्न सक्नुपर्छ।

जुन देशको सरकार र त्यहाँका जनता राष्ट्रिय एकताप्रति संवेदनशील हुँदै एकजुट हुन्छन् त्यस्तो देशले छिट्टै विकास र समृद्धि हासिल गर्न सक्छ। नेपालले वर्षौंदेखि विकास र प्रगति हासिल गर्न नसक्नुको मुख्य कारणमध्ये एक कारण हो राष्ट्रिय एकतामाथिको बेवास्ता। यहाँका सरकार र नागरिकहरू विगतदेखि अहिलेसम्ममा आइपुग्दा पनि राष्ट्रिय एकता र राष्ट्रिय भावनाको मालामा गाँसिन सकेका छैनन्। सरकारले राम्रो काम गर्न सकेमा शासकीय व्यवस्थाप्रति आम नागरिकले अपनत्व महसुस गर्न सक्छन् तर हामीकहाँ बन्ने गरेका केही अपवादबाहेक सबैजसो सरकार भ्रष्टाचारमा लिप्त हुने र आम नागरिकको समस्या समाधान गर्न उदासीन हुँदै आइरहेकाले नागरिकहरूले मुलुकमा वास्तविक सरकार भएको अनुभूति नै गर्न सकेको देखिँदैन। यद्यपि नागरिकहरूले पनि आफ्नो दायित्व र जिम्मेवारीलाई गहनरुपमा लिन सकेका छैनन्। त्यसैले हामीकहाँ सबै पक्षमा कुनै न कुनै त्रुटि देखिन्छ। त्यसैले मुलुकले अहिले पनि विभिन्न समस्या झेल्न बाध्य छ। सरकारले नागरिकप्रतिको कर्तव्य निर्वाह गर्न सक्नुपर्छ भने नागरिकले पनि राज्यप्रतिको जवाफदेहिता निर्वाह गर्न सक्नुपर्छ। हामीकहाँ यी दुवै पक्ष आ आफ्नो जिम्मेवारी बहन गर्न चुक्दै आइरहेका छन्।

नेपालको संविधान २०७२ को धारा ४८ मा नागरिकका कर्तव्यहरू स्पष्टसँग किटान गरिएको छ। ती कर्तव्यमध्ये सबैभन्दा महत्वपूर्ण कर्तव्यको रुपमा हरेक नगरिक राष्ट्रप्रति निष्ठावान् हुँदै नेपालको राष्ट्रियता, सार्वभौमसत्ता र अखण्डताको रक्षा गर्नु रहेको छ। यसै गरी संविधान र कानुनको पालना गर्नुपर्ने, राज्यले चाहेका बखत अनिवार्य सेवा गर्नु र सार्वजनिक सम्पत्तिको सुरक्षा एवं संरक्षण गर्नु पनि हरेक नागरिकको कर्तव्य नै रहेको विषयलाई संविधानले नै स्पष्ट गरिदिएको छ। हामीकहाँ नागरिकमा राष्ट्रियता र राष्ट्रिय एकताको भावना अलि कमजोर हुँदै गइरहेको देखिन्छ, जसका कारण पनि मुलुकले विभिन्न खाले संकट व्यहोर्न परिरहेको छ।

राष्ट्रिय एकता राष्ट्रिय भावनामा बाँधिने आन्तरिक इच्छा हो। राष्ट्रियता भनेको राज्य र नागरिकलाई जोड्ने कडी हो। राज्यको नागरिकप्रतिको कर्तव्य र नागरिकको राज्यप्रतिको जवाफदेही र जिम्मेवारिताको समष्टिगत स्वरुप नै राष्ट्रियता हो। राष्ट्रियताबाट नै राष्ट्रिय एकताको निर्माण हुन्छ। राष्ट्रिय एकता नै राष्ट्रिय अखण्डताको जग हो। राष्ट्रप्रतिको प्रेम नै राष्ट्रिय एकताको आधार हो। पछिल्लो समयमा हामी नागरिक समाजका सदस्यका रुपमा रहेकाहरू यति धेरै छाडा र अराजक हुन पुगेका छौं कि हामीलाई राष्ट्रियताको बारेमा मतलब नै छैन। विभिन्न समूह र संस्थामा रहेका नागरिक समाजका सदस्यहरू एक-आपसमा बसेर मुलुकप्रतिको आफ्नो जिम्मेवारीका बारेमा बहस पैरवी गर्ने र निष्कर्ष निकाल्ने काम निकै कम मात्रामा हुने गरेको छ।

हाम्रो बहुल समाजलाई राष्ट्रिय एकताको सूत्रमा बाँध्नका लागि प्रमुख नेतृत्वदायी भूमिका भने राजनीतिक नेतृत्वहरूले नै खेल्नुपर्छ। सत्तामा जाने राजनीतिक नेतृत्वको कार्यशैलीले राष्ट्रियता कमजोर वा मजबुत बनाउन निर्णायक भूमिका खेल्ने हुनाले राजनीतिक नेतृत्वले नै पहलकदमी चाल्नुपर्छ। हरेक राजनीतिक दलको भूमिका राज्यलाई कमजोर होइन, सशक्त र बलियो बनाउने खालको हुनुपर्छ। यस्तै गरी समाजका सबै सदस्य, निजी क्षेत्र तथा नागरिक समाज एवं सरकारी, गैरसरकारी संघसंस्थाको भूमिका पनि राज्यलाई शक्तिशाली बनाउनकै लागि केन्द्रित हुनुपर्छ। यसै गरी स्थायी सरकारको रुपमा रहेको हाम्रो प्रशासनिक संयन्त्रले पनि यस विषयमा प्रभावकारी कदम चाल्नुपर्छ।

> “हाम्रो बहुल समाजलाई राष्ट्रिय एकताको सूत्रमा बाँध्नका लागि प्रमुख नेतृत्वदायी भूमिका भने राजनीतिक नेतृत्वहरूले नै खेल्नुपर्छ। सत्तामा जाने राजनीतिक नेतृत्वको कार्यशैलीले राष्ट्रियता कमजोर वा मजबुत बनाउन निर्णायक भूमिका खेल्ने हुनाले राजनीतिक नेतृत्वले नै पहलकदमी चाल्नुपर्छ। हरेक राजनीतिक दलको भूमिका राज्यलाई कमजोर होइन, सशक्त र बलियो बनाउने खालको हुनुपर्छ।”

राज्य र राष्ट्रियतालाई सशक्त बनाउन धेरैजसो सरकारहरू असफल भइरहेको अवस्थामा वर्तमान सरकारले विगतको शिक्षाबाट पाठ सिक्दै आगामी दिनमा राष्ट्रियता शक्तिशाली बनाउने गरी सोहीअनुसारका विकास कार्यक्रमहरू ल्याउन सक्नुपर्छ। नागकिरहरू पनि अब सच्चिएर सकारात्मक सोचका साथ सरकारलाई झकझक्याउँदै अगाडि बढ्नुपर्छ। मुलुक बनाउने सबै दायित्व सरकारको मात्रै हो भन्ने भ्रमबाट प्रत्येक नागरिकहरू मुक्त हुनुपर्छ। मुलुक बनाउन कुन-कुन ठाउँमा मेरो कस्तो भूमिका रहन्छ भनेर हरेक सचेत नागरिकले सोच्नुपर्छ। जुन संस्थामा नागरिकहरू रहन्छन् सोही संस्थामार्फत मुलुकको विकासमा सक्रिय योगदान दिन सक्नुपर्छ। अहिले विभिन्न निजी संघसंस्थाहरूबाट सामाजिक उत्तरदायित्वअन्तर्गत विभिन्न कार्यक्रमहरूसमेत सञ्चालन भइरहेका छन् तर ती कार्यक्रमहरू आशा गरेअनुसार उपलब्धिमूलक हुन सकिरहेका छैनन्। त्यसै गरी मुलुकको आर्थिक अवस्था उकास्ने महत्वपूर्ण भूमिकामा रहेका निजी क्षेत्रले पनि सामाजिक उत्तरदायित्वको क्षेत्रलाई फराकिलो बनाउन सक्नुपर्छ। मौका पाएसम्म देशलाई लुट्ने प्रवृत्ति निजी क्षेत्रले पनि त्याग्नुपर्छ।

सरकारले आफ्नो नीति तथा कार्यक्रम बनाउँदा औचित्यका आधारमा भन्दा पनि सोर्सफोर्स र पहुँचका आधारमा बनाउने गरेको छ, जसका कारण जुन ठाउँमा विकास हुनुपर्ने हो त्यो ठाउँमा विकास हुन सकिरहेको छैन। यसका कारण मुलुकमा विकासमा निकै ठूलो असन्तुलन देखिँदै आएको छ।

मुलुकमा भएको असन्तुलित विकासका कारण पनि आम नागरिकमा राज्य र सरकारप्रति अपनत्वको भावना सिर्जना हुन सकेको देखिँदैन। विगतमा केन्द्रीकृत शासन प्रणालीका कारण सन्तुलित रुपमा विकास हुन सकेन। त्यसैले विकट र दूरदराजमा रहेका नागरिकहरूले विकासको फल राम्ररी चाख्न पाएनन्। अहिले मुलुकमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था सञ्चालन भइरहेको छ। यो शासन व्यवस्थाअनुसार संघ, प्रदेश र स्थानीय तहबाट सरकारका कामकारबाहीहरू सञ्चालन भइरहेका छन्। तर पनि आम जनताले समान खालको विकासको अनुभूति गर्न नसकेका गुनासाहरू व्यापकरुपमा आइरहेका छन्। त्यसैले त्यस्ता खालका गुनासाहरू आउन नदिन तीनवटै सरकार सचेत बन्न जरुरी छ। यसै गरी राज्यद्वारा वितरण हुने विभिन्न खाले अवसर हरूमा असमानताको खाडल छ। त्यस्तो असमानता पनि तत्काल हट्नुपर्छ र अवसरमा समानता कायम हुने संयन्त्रको विकास गरिनुपर्छ। यसै गरी जातीय भेदभाव, स्रोत-साधनमा हुने विभेदलाई पनि हटाउनुपर्छ। तीनवटै सरकारहरूले विभिन्न नीतिहरू बनाउँदा विभेदकारी किसिमको बनाउनुहुँदैन।

हाम्रो राजनीतिक नेतृत्वले विश्वमा नै निकै उन्नत मानिएको संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना गर्न त सके तर सबैभन्दा उन्नत शासन प्रणाली स्थापना गर्न सके पनि सोही अनुसार उनीहरूले आफ्ना बानी व्यवहार र संस्कारलाई परिष्कृत गर्न सकेनन्। त्यसैले पनि हाम्रो राष्ट्रिय एकता र राष्ट्रियता कमजोर हुँदै गइरहेको हो। शासकीय व्यवस्थाले परिकल्पना गरेका मूल्य र मान्यताअनुसार हामी सबैले हाम्रो चरित्र र बानी व्यवहारमा परिवर्तन ल्याउन अत्यावश्यक छ। यसका साथै समाजमा व्याप्त लैंगिक र जातीय विभेदको अन्त्य गरिनुपर्छ भने राष्ट्रिय एकता र अखण्डताविरुद्ध कार्य गर्नेलाई कडारुपमा दण्ड गरिनुपर्छ। कुनै पनि बहानामा त्यस्ता अराष्ट्रिय तत्वलाई उन्मुक्ति दिनुहुँदैन। नागरिकहरूले पनि सरकारलाई खबरदारी त गर्नै पर्छ तर सधैँ धारेहात र सत्तोसराप गरेर नकारात्मक अवस्था सिर्जना गर्नुहुँदैन।

# कृष्णगण्डकी र त्रिशूली नदीको संगम देवघाटधामको चर्चा



भूमिका गैरे तिमिल्सिना

हिन्दु धर्ममा विष्णु भगवान्को साक्षात् रूप मानिने शालिग्राम पाइने एकमात्र स्थान जुन मुक्तिनाथबाट प्रवाहित हुने कृष्णगण्डकी नदी र रसुवाको गोसाइँकुण्डबाट प्रवाहित हुने त्रिशूली नदीको संगम स्थल देवघाटधाम हो।

शिव भगवान् र विष्णु भगवान्को सानिध्य भएकाले यस देवघाटको अर्को नाम 'हरिहरक्षेत्र'' रह्यो। कृष्णगण्डकी र त्रिशूली नदीको संगम तथा चितवन र नवलपुरको त्रिकोण भएकाले यसलाई उत्तरगया पनि भनिन्छ। मुस्ताङको दामोदर कुण्ड र मुक्तिनाथ विष्णुक्षेत्रदेखि अनेक नदीहरू मिसिँदै शालिग्राम गर्भमा बहाउँदै आएकी कृष्णगण्डकी र त्रिशूलीको संगम हो भने विष्णु भगवान् साक्षात् कृष्णगण्डकी हरि र हर भनेको शिवजीको त्रिशूललाई नै हरिहर भनिएको हो।

वराहपुराणमा मुक्तिक्षेत्रदेखि वर्तमान हरिहरक्षेत्रसम्म देवताहरूको सञ्चरण गर्ने क्षेत्र भएकाले नै यस क्षेत्रलाई देवाट भनिन्थ्यो र पछि वारिपारि गर्ने हुँदा देवघाट भनियो। मुक्तिक्षेत्र, रुरुक्षेत्र र त्रिवेणीक्षेत्रसित सम्बन्धित अनेकौं दृश्य, अदृश्य नदीहरूको सङ्गम भएकाले नै यस ह्रद (ताल) को नाम कदम्बतीर्थ रह्यो।

स्वर्गबाट गन्धर्व, अप्सरा, नागहरूसहित नागकन्या, देवर्षि, सप्तर्षि, मुनिहरू समस्त देवनायकहरू एवम् सिद्ध, किन्नरहरू, पशुपतिनाथको शिवजी, गौरीशङ्कर पर्वतमा निवास गरेका नीलकण्ठ महादेवका जटाबाट निस्केकी त्रिशूली गंगा र पोखराबाट आएकी सेती चक्रनदी, कृष्णगण्डकी नदी देवघाटमा मिलेकी छिन्। देवताहरू आफ्ना प्रियतमाका साथमा स्वर्गबाट आएर यहाँ निवास गर्दछन्। नेपालको एकमात्र कल्याणकर सबै तीर्थहरूको मिलनभूमि पृथ्वीका दिव्य नदीहरूको सङ्गम यस भूमिलाई पुण्यदायक, वैष्णवक्षेत्र, पुण्यवर्द्धक, सिद्धाश्रम भनेर चिनिन्छ।

पद्मपुराणमा भगवान् शिवले पार्वतीलाई समष्टिगत गण्डकीको माहात्म्य बताउनुभएको छ। गंगाको महिमा भएको गण्डकी नदीका गर्भभित्र शालग्राम शिलाहरू उत्पन्न हुन्छन्। गण्डकीको स्मरण, स्पर्श मात्र गर्नाले ब्रह्महत्याजस्ता पाप पखालिने हुन्छ। श्रीमद्भागवत महापुराणमा पौराणिक रोमहर्षण सूतको संहारपछि पाप परिमार्जन गर्न बलराम पनि गण्डकी स्नान गर्नुभएको थियो। पुराणमा गण्डकी महिमाका साथै तटमा कठोर तपस्या गरी पुलस्त्य, पुलह, भरतजस्ता महान् तपस्वीहरूको चर्चा गरिएको छ। राजा भरत पुलस्त्य आश्रमनजिक त्रिजलेश्वर नामक विष्णुभगवान्को आराधना गर्दागर्दै कुनै समय 'मृगका बच्चाको रक्षा गर्छु' भन्दाभन्दै देह त्याग भयो। अर्को जुनीमा मृग भएर जन्मनुभयो। त्यसपछि ब्राह्मणको कुलमा जन्म लिएर पुनः विष्णुको आराधना गर्नुभयो। यसरी तीन जन्मसम्म उहाँले नै पुजेको हुँदा विष्णु भगवान्को नाम त्रिजलेश्वर रहन गएको हो। भक्तिपूर्वक जसले भगवान् त्रिजलेश्वरको पूजा गर्छ। त्यसलाई योग-सिद्धि (गति-मुक्ति) मिल्दछ।

स्कन्दपुराणको हिमवत्खण्डमा रूपकेतु नाम गरेका राजाका दुई रानी कामप्रभा र पद्मिनी हुन्छन्। कान्छी रानी राजाकी प्राणप्रिय हुन्छिन् भने जेठी रानी कामप्रभा नराम्री भएकाले तिरस्कृत हुन्छिन्। कामप्रभा माइत जाने क्रममा देवघाटमा स्नान गर्दा मुख राम्रो भई सुन्दर हुने कामना गर्दै शिवजी र ब्राह्मणलाई दान-दक्षिणा दिएर, त्यो रात त्यहीँ बिताएर, पुनः अर्को बिहान स्नान गरी माइत जान्छिन्। उनी ६ महिनाभित्रमा अप्सराजस्ती सुन्दर हुँदै जान्छिन्। त्यो रूपको चर्चा रूपकेतुका कानमा पनि पर्छ। कामप्रभाप्रति मोहित भई पुनः स-सम्मान राज्यमा भित्र्याउँछन्। कामप्रभाद्वारा गरिएको देवघाट स्नानको पुण्यको प्रभावले रूपकेतु मुक्त हुन्छन्। यस खण्डमा पत्नीद्वारा गरिएको पुण्यको फल पतिलाई पनि मिल्ने बताइएको छ।

गण्डकी माहात्म्यका अनुसार स्वर्ग, मर्त्य र पातालमा भारतवर्षमा रहेका सबै तीर्थस्थलहरू विशेष पर्वमा देवघाट आउँछन्। गण्डकी माहात्म्य ग्रन्थमा गण्डकीतटमा मुक्तिक्षेत्र, रुरुक्षेत्र, हरिहरक्षेत्र, त्रिवेणीक्षेत्र, हरिक्षेत्र गरी प्रकट तीर्थ एवम् एउटा रामपुर अप्रकट तीर्थको वर्णन गरिएको छ। उक्त ग्रन्थमा सेन वंशका प्रतापी राजा मणिमुकुन्द सेनको इतिहासको पनि चर्चा छ।

करिब ३ सय वर्षपहिला पाल्पाका राजा मणिमुकुन्द सेनले राज्य विभाजनपश्चात देवघाटमा आएर तपस्या गर्नुभयो। उहाँले तपस्या गरेको स्थाननजिकै एउटा माझीले माछा मार्ने क्रममा कृष्णगण्डकीमा जालबाट तीनपटकसम्म एउटै चक्राङ्कित शिला निस्किएछ। रगतसहितको लोहोरोजस्तो शिला जसमा ओम पनि रहेको चर्चा भएछ। त्यो कुरा मणिमुकुन्दसेनले थाहा पाएपछि आफैंले तपस्या गरेको स्थानमा मन्दिर बनाए। सो मन्दिर चक्रघाट मन्दिरको नामले चिनिएको छ। शिला क्रमशः बढेर अहिले एक मिटर लम्बाइ र एक मिटर गोलाइ रहेको छ। चक्रेश्वर शिला एउटा शालिग्राम स्वयम् विष्णु भगवान्को प्रतिमूर्ति हो।

भगवान् श्रीरामको गण्डकी यात्रा र पार्वतीनन्दन गणेशले नारायणी तटमा दिव्य लीला प्रदर्शन गर्नुभएको कुरा गणेशपुराणमा चर्चा गरिएको छ। उत्तरवर्ती समयमा गण्डकीक्षेत्र हिन्दुधर्मावलम्बीको र बौद्धधर्मावलम्बीको साझा मिलन भूमिका रुपमा विकास भएको पाइन्छ। भगवान् श्रीराम १४ वर्षको बनवासमा रहँदा देवघाटमा आएर आफ्ना पितृहरूलाई तर्पण, तीर्थश्राद्ध गर्नुभएकाले त्यस क्षेत्रलाई उत्तरगया भनिन्छ।

हरिहरक्षेत्रको शृङ्खला देवघाटधामबाट शुरु भएर शिवघाट (नारायणी र राप्ती नदी दोभान) र गजेन्द्रमोक्ष धाम हुँदै त्रिवेणीसम्म पुगेका छ। त्रिवेणी नारायणी, स्वर्णभद्रा र पूर्णभद्रा नदीको संगम हो। वाल्मीकि आश्रम, त्रिवेणीघाट र गजेन्द्रमोक्ष धामलाई हरिहरक्षेत्र भनिन्छ। भगवान् श्रीहरिको साक्षात् बास हुने हुँदा हरिहरक्षेत्र भनिएको हो।

गण्डकी नदीको समिप सालको वृक्षमुनि बसेर सालङ्गायन नामक परम श्रेष्ठ ऋषिले धेरै वर्षको कठोर तपस्या गरेपश्चात् भगवान् नारायण अत्यन्त प्रसन्न भई प्रकट हुनुभयो। सालङ्गायनले भगवान् शिवसमान मेरो पुत्र होस् भनी वरदान मागी नन्दिकेश्वरलाई पुत्रको रूपमा पाएका थिए। यो सालको वृक्षमा बसी तिमीले तपस्या गर्‍यौ, यो वृक्ष स्वयम् नारागण म नै हुँ भनिएको थियो।

सत्ययुगमा लोकहितको कामनाले देवगणद्वारा सुशोभित अति सुन्दर हिमालय पर्वतमा भगवान् विष्णुले कैयौं वर्ष कठोर तपस्या गर्दा उहाँका शरीरबाट अपूर्व तेजपुञ्ज प्रकट भयो। त्यस तेजका तापले भगवान्का गण्डस्थल (गला) बाट पसिनाका धारा प्रकट भई सारा प्राणीका पापपुञ्जहारिणी विचित्रको दिव्यध्वनि निस्कियो। त्यो दिव्यध्वनि पत्ता लगाउन ब्रह्मादि, शिवजी आफ्ना गणका साथ तपस्या स्थलमा पुगेर सोध्दा विष्णु भगवान्ले संसारको (सम्पूर्ण प्राणीमात्रको) कल्याणका लागि तपस्या गरेको हुँ भन्ने इच्छा भयो। त्यसपछि शिवजी अत्यन्त प्रसन्न भई त्यस ठाउँको दर्शन मात्र गर्नाले मनुष्यलाई मुक्ति मिल्ने हुँदा त्यस क्षेत्रको नाम मुक्तिक्षेत्र (मुक्तिनाथ) र प्रभुको गलाबाट निस्किएको श्रेष्ठ नदी गण्डकी रहनेछ भन्नुभयो। मनुष्यले कार्तिक मासभरि गण्डकी नदीमा नुहाएमा सारा पाप नाश भई मोक्ष प्राप्ति हुनेछ। मुक्तिक्षेत्र महान् तीर्थस्थलमध्येको मंगलको पनि मङ्गल हो। गंगा स्पर्शले मात्र पनि निष्पाप हुन्छ। मुक्तिनाथ प्रभुको कृपाद्वारा लोकमा सुखभोग र मुक्ति मिल्छ।

देवदत्त मुनिले उत्तम ज्ञान प्राप्त गरी मोक्ष प्राप्त गर्नुभयो। प्रम्लोचाले कन्यालाई जन्म दिई स्वर्गमा प्रस्थान गरिन्। पिताजीका आश्रममा बसेकी रुरू नामक कन्या मृगहरूका साथ बढेकी हुँदा कन्याको नाम पनि रूरू रहन गयो। रुरुले भगवान्मा एकाग्र भएर सय वर्षसम्म इन्द्रियलाई वशमा राखी कठोर तप गरिन्। भगवान् विष्णुसँग यो तपस्थल रुरु (रिडी) नामले प्रख्यात होस् भनी वर मागिन्। तीर्थस्थलमा तीन रात्रि, रुरू नदीमा उपवास बसी स्नान गर्नाले हृषिकेशको दर्शन हुनेछ। रुरुक्षेत्रमा चौबीस जातिका चौबीस मूर्तिहरू छन्। शालग्रामरुप, मत्स्यरूप, कर्मरूपा, बाराही, नारसिंही, शुभदायिनी, वामनी, परशुरामा, मोक्षदायिनी, रामरूपा, कृष्णरूपा, कल्किरुपा रहेका छन्।

मकर सङ्क्रान्तिमा स्वर्गबाट सबै देवीदेवताहरू देवघाटमा स्नानको लागि आउनुहुन्छ। लक्ष्मी माताले पनि विष्णु भगवान्लाई पृथ्वीमा स्नान गर्न जाने कुरा गर्नुभएछ। भगवान् विष्णु सानो भएर नौ नदीको संगम नारायणी नदीमा नुहाउन लाग्दा एक भक्तले दर्शन गरेपछि भगवान् लुक्नका लागि त्यहीँ पृथ्वीमै गड्नुभएछ। भगवान्को खोजी हुँदा पृथ्वीमा गडेको चर्चा चलेछ। त्यसपछि नारायण भगवान् गडेको हुनाले त्यस ठाउँको नाम नारायणगढ रहेको हो भन्ने भनाइ वैदिक धर्मशाला देवघाटका सदस्य चक्रधर उपाध्याय तिमिल्सिना बताउनुहुन्छ। उहाँका अनुसार भगवान् सधैँ सानो भएर बस्नुहुन्छ। श्रीकृष्ण भगवान् गोठालो हुनुभयो। श्रीराम वनवास बस्नुभयो। नारायण भगवान् पनि सानै भएर पृथ्वीमा आउनुभएको थियो तर भक्तले चिनेपछि लुक्ने क्रममा पृथ्वीमा गडेकाले नारायणगढ नाम रह्यो। पछि वारिपारि गर्ने हुँदा नारायणघाट भनिएको हो भन्ने जानकारी भयो।

देवघाटमा विभिन्न देवीदेवताका मन्दिरहरू, गुफाहरू, वृद्धाश्रमका साथै चितवन र तनहुँ जिल्ला जोड्ने झलुङ्गे पुल रहेको छ। देवालय, मठ, गुफा, गुम्बा आश्रम रहेको छ। माघे सङ्क्रान्तिमा ठूलो मेला लाग्छ। वैशाख सङ्कान्ति, बालाचतुर्दशी, साउनमा भक्तजनहरूको भीड लाग्छ। यस क्षेत्रमा वशिष्ठ गुफा, सीता गुफा प्रख्यात छन्। चक्रेश्वर मन्दिर, बद्रीनाथ मन्दिर, केदारनाथ मन्दिर, बागिश्वरी मन्दिर, मौलाकालिका मन्दिर, महेश संन्यास आश्रम, गलेश्वर आश्रम, सत्यनारायण मन्दिर, साँडेबगर, लक्ष्मीवराह भगवान्, सङ्गश्वर पशुपति मन्दिर, लक्ष्मीनारागण मन्दिर, श्रीकृष्ण मन्दिर, श्रीराम मन्दिर, रामकृष्ण मन्दिर, श्रीशङ्कराचार्य मन्दिर, शिव मन्दिर रहेका छन्। श्री विश्वशान्ति महायज्ञशाला, श्री सीताराम संस्कृत माध्यमिक विद्यालय, श्री मुकुन्दसेन चक्रवती मन्दिर, श्री अघोरी आश्रम, श्री वेद वेदाङ्ग विद्यालय रहेका छन्। हरिहर संन्यास आश्रम, हरिहर क्षेत्र आश्रममा संस्कृत अध्ययन गर्ने आवासीय सुविधासमेत रहेको छ। सीतागुफामा भगवान् रामचन्द्र वनवासमा रहँदा सीताको असली रूपलाई त्यही गुफामा लुकाएर राखिएको थियो भन्ने कुरा वैदिक धर्मशालाका अध्यक्ष श्री अखण्ड हरिकीर्तन बाबाद्वारा जानकारी भयो।

प्रथम मुक्तिक्षेत्र, दोस्रो रुरु (रिडी) क्षेत्र, तेस्रो देवनदीको सङ्गम स्थल देवघाटधाम, चौथो त्रिवेणी यी महाफलदायिनी नदीहरूमा उत्तम नदी जहाँदेखि बगेर जुन भागिरथी गंगामा मिलेकी छिन्। देविका नदी गण्डकी नदीसँग मिलेकी छिन्। नदीहरूमा श्रेष्ठ पुण्यमयी ब्रह्मापुत्री देविका प्रकट भई गण्डकी नदीमा मिसिइन्। देविका र गण्डकीको सङ्गम भएपछि गण्डकी दोभान 'त्रिवेणी' नामले प्रसिद्ध भयो। त्यस ठाउँमा पितृहरूलाई तर्पण दिनाले पितृमोक्ष प्रदान हुन्छ। यस क्षेत्रमा मत्स्यशुङ-अन्नपूर्णा हिमालयबाट पोखरा हुँदै झरेकी दूधप्रभा (सेती) नदी, दूध पोखरीबाट झरेकी मादी नदी, मनाङ तालबाट झरेकी मर्स्याङ्दी नदी, दूध पोखरीबाट झरेकी चम्पा नदी, नारदकुण्डबाट झरेकी दरौंदी नदी, नारदकुण्डको पूर्वबाट झरेकी बूढीगण्डकी, गोसाइँकुण्डबाट झरेकी त्रिशूली नदी, सरस्वतीकुण्डबाट झरेकी वेत्रावती, सूर्यकुण्डबाट झरेकी सूर्यमती, पूर्वोक्त नौ नदीको र चक्रत्वामी तीर्थ दामोदरकुण्डबाट आएको कृष्णगण्डकी एवम् देवगङ्गा (देवती खोला) को संगम त्रिवेणी, कदम्बतीर्थ- सिद्धह्रद (संगमको ठूलो ताल) देवघट्ट सप्तगङ्गा र कृष्ण गण्डकीको सङ्गम वेणीमा एवम् सिद्धह्रद, कदम्बतीर्थ, चक्रतीर्थ स्नान, स्वर्ग, मर्त्य, पाताल यी तीनै लोकमा र भारतमा जति तीर्थहरू छन्, ती सबै आफ्नो अन्तरात्माको शुद्ध गर्ने इच्छाले यस शालिग्रामक्षेत्र देवघाटधाममा प्रत्येक पर्वमा आउने गर्दछन्। गण्डकी नदी धर्म, अर्थ, काम, मोक्ष यी चार पदार्थदायिनी महापुण्यवती गंगा हुन्। यिनको स्पर्शले मात्र पनि मोक्ष प्राप्त हुन्छ।

अन्तबाट विभिन्न साना-ठूला नदीहरू पूर्णिमा, अमावश्या, सङ्क्रान्ति, एकादशी, बालाचतुर्दशीजस्ता विभिन्न पर्वहरूमा देवघाटमा आएर पवित्र भई जान्छन्। भगवान् शिव र विष्णुको साक्षात् बास भएको शालिग्राम पाइने एकमात्र ठाउँ, देवताहरूलाई मन परेको र भ्रमण गर्ने ठाउँ देवाटले सम्पूर्ण मनुष्यको कल्याण सेवा गरुन्।

**(लेखक तिमिल्सिना गैंडाकोट-४, नवलपुरवासी हुनुहुन्छ।)**

## अवैध...

प्रहरीका अनुसार सो डलर बोकेर केरुङतर्फ जाने व्यक्ति यसअघि ७ किलो सुनसहित पक्राउ परेका थिए। लामालाई यसअघि अपराध अनुसन्धान कार्यालयकै टोलीले १३ पुस २०७३ मा कलंकीबाट पक्राउ गरेको थियो। केही वर्षपछि छुटेका उनी फेरि तस्करी धन्दामा लागेको पुष्टि भएको प्रहरीले जनाएको छ।

चालक लामाले बयानमा बताएअनुसार चीनको नाकासम्म उक्त ट्रक पुर्‍याउने र त्यहाँबाट भिसा प्राप्त व्यक्तिले ट्रक चीन पुर्‍याउने गरेका थिए। फेरि यही शैलीमा उताबाट ट्रकमा सुन लिएर आउने र नाका कटाएपछि रसुवाबाट लामाले उक्त मालसमेत लोड भएको ट्रक गन्तव्यसम्म पुर्‍याउँदै आएका थिए।

पक्राउ परेका लामा भरियामात्रै, मुख्य योजनाकार उम्कने खतरा !

प्रहरीका अनुसार २५ करोड रुपियाँसहित पक्राउ परेका लामा भरियामात्रै हुन्। आमाको नाममा रहेको ना७ख १६५२ नम्बरको ट्रक उनी चलाउँदै आएका थिए। काठमाडौंको गोकर्ण बस्दै आएका लामाले पनि उक्त रकमबारे आफू जानकार नरहेको प्रहरीसमक्ष दाबी गरेका छन्।

लामाले उक्त रकम एक चिनियाँ नागरिकले दिएको बयानमा बताएका छन्। 'सामाखुसीमा ल्याएर एक चिनियाँ नागरिकले रकम गाडीमै दिएका हुन्। त्यसपछि मैले सिटमाथिको सिलिङमा राखेको हुँ' - चालक लामालाई उद्धृत गर्दै एक प्रहरी अधिकृतले भने। लामाले बयानमा बताएअनुसार उक्त रकम सोमबार साँझमात्रै चिनियाँ नागरिकले उनलाई दिएका थिए। त्यसपछि उनले गाडीमा फल्स बटम बनाएर राखेको तर के सामान हो भन्ने कुरा थाहा नभएको लामाले बताएका छन्।

पक्राउ परेका लामालाई प्रहरीले राजस्व अनुसन्धान विभाग हरिहर भवनमा बुझाइसकेको छ। अब विभागले उनीमाथि अनुसन्धान गरेर मुद्दा चलाउने छ। उनीमाथि राजस्व छली तथा विदेशी मुद्राको कारोबार गरेको हुँदा विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ अन्तर्गत मुद्दा चल्ने बताइएको छ। विभागले पनि लामाभन्दा माथिसम्मकै जालो पत्ता लगाउन नसकेमा सुन तस्करीका मुख्य योजनाकार उम्कन सक्ने भय देखिएको छ।

## उपत्यकाकै...

आरआरमा अनेरास्ववियुले तालाबन्दी गरेका कारण मंगलवार निर्वाचन हुन सकेन। निर्वाचन प्रक्रिया शुरू भइसकेको अवस्थामा नेविसंघले फर्जी विद्यार्थी भर्ना गरेको आरोप लगाउँदै अनेरास्ववियुले तालाबन्दी गरेको हो। तालाबन्दीको विरोधमा नेविसंघका विद्यार्थीले मंगलवार दिनभर विरोध प्रदर्शन गरेका थिए। उनीहरूले तत्काल निर्वाचन गर्न माग गर्दै नाराबाजी गरेका थिए।

निर्वाचन गर्न नसकेको व्यङ्ग्य गर्दै नेविसंघले बाटोमै निर्वाचन गरेको थियो। उपत्यकाभित्र ९ क्याम्पसमा निर्वाचन स्थगित भएको छ भने दुईवटा क्याम्पसमा फरकफरक मिति तय भएको छ। उपत्यकाको पदमकन्यामा ७ गते, केन्द्रीय क्याम्पस त्रिविमा ८ गते निर्वाचनको मिति तय भएको छ। पोखराको पृथ्वीनायण क्याम्पसमा आज बुधबारका लागि तय भएको छ।

उता, नेविसंघले तालाबन्दी गरेको केन्द्रीय क्याम्पसमा नेविसंघले निर्वाचन गर्न माग गरेको छ। सो क्याम्पसमा स्ववियु सभापतिका उम्मेदवार पदमा भुसालले धर्ना शुरू गर्नुभएको छ। लगत्तै नेविसंघले विज्ञप्ति जारी गरी निर्वाचन गर्न माग गरेको छ। सो क्याम्पसमा नेविसंघका मात्रै ६ जना बागी उम्मेदवार छन्।

पोखराको पृथ्वीनारायण क्याम्पसको स्ववियु चुनाव स्थगित भएको छ। निर्वाचन अधिकृत रामचन्द्र पोखरेलले सूचना जारी गरी मतदान स्थगित भएको र भोलि बुधबार बिहान ८ बजेबाट मतदान शुरू हुने जनाउनुभएको छ।

प्रत्यक्षतर्फको मतपत्रको दोस्रो कोलममा रहेको अखिल (छैटौं) को अध्यक्ष पदको उम्मेदवारको नामको पछाडि रेजा लगाउने बक्स छुट हुन गएकोमा स्ववियु निर्वाचन समिति गम्भीर रूपले आत्मालोचित भएको छ। सम्बन्धित संघ, संगठन, संयुक्त प्यानल र स्वतन्त्र उम्मेदवारका प्रतिनिधिहरूको रायबमोजिम उक्त मतपत्र रद्द गरी पुनः मतपत्र छपाइ गरी ल्याउँदा ढिला भएको र समय अभावका कारण मतदान कार्य शुरू गर्न नसकिएको जनाइएको छ।

तीन विद्यार्थी संगठनबीचको झडप, नेविसंघभित्रको बागी र आन्तरिक विवाद र फर्जी विद्यार्थी भर्नाका कारण विभिन्न संगठनले उपत्यका र उपत्यकाबाहिर १८ क्याम्पसमा निर्वाचन स्थगित गरेका छन्। त्रिभुवन विश्वविद्यालयअन्तर्गत ४६ आंगिक र १ हजार ५३ केही सम्बन्धन प्राप्त क्याम्पस छन्। तीमध्ये सम्बन्धन प्राप्त कति क्याम्पसमा निर्वाचन हुन्छ भन्ने विषय मतपरिणमपछि मात्र जानकारी हुने त्रिविले जनाएको छ।

६२ आंगिकमध्ये धनकुटा बहुमुखी क्याम्पस धनकुटा र महेन्द्र बहुमुखी क्याम्पस दाङमा मतपरिणाम घोषणा भइसकेको छ। उपत्यकाको त्रिवि केन्द्रीय, शंकरदेव, आरआर, पाटन संयुक्त, अमृत साइन्स, पब्लिक युथ, त्रिचन्द्र, विश्वभाषा, नेपाल ल र सरस्वती क्याम्पस गरी १० वटामा स्थगित भएको छ। उपत्यकाका २२ मध्ये १० वटा र बाहिर ४० मध्ये ६ वटामा निर्वाचन कार्यक्रम बिथोलिएको छ।

उपत्यकाबाहिर मेची बहुमुखी, डिग्री क्याम्पस विराटनगर, सिद्धनाथ बहुमुखी महेन्द्रनगर, सुर्खेत शिक्षा क्याम्पस सुर्खेत, कृषि क्याम्पस पक्लिहवा, भैरहवा बहुमुखी क्याम्पस, बुटवल बहुमुखी, रारा बहुमुखी क्याम्पस जनकपुर र पश्चिमाञ्चल इन्जिनियरिङ क्याम्पस पोखरा छन्।

उपत्यकामा सत्ताधारी नेविसंघ, अनेरास्ववियु र अनेरास्ववियु (क्रान्तिकारी) ले ताला लगाएका कारण निर्वाचन रोकिएको हो। उपत्यकामा मनोनयन गर्ने दिन त्रिवि केन्द्रीय र पद्मकन्या क्याम्पसमा मात्र निर्वाचन प्रक्रिया शुरू हुन सकेको थिएन। त्रिवि केन्द्रीय निर्वाचन समितिका सदस्यसचिव पशुपति अधिकारीले स्थगित भएका केही क्याम्पसमा प्रक्रिया शुरू भएको र केहीले २० गतेभित्र निर्वाचन गर्ने गरी तालिका हेरफेर गरेको जानकारी दिनुभयो।

## अब...

यसै गरी बैठकले सबै मन्त्रालयले सम्बन्धित मन्त्रालयका सचिवको हस्ताक्षरसहित ३ दिनभित्र सबै मन्त्रालयले आ-आफ्नो मन्त्रालयको नयाँ नीति तथा कार्यक्रम मन्त्रिपरिषद् कार्यालयमा पठाउनुपर्ने निर्णय गरेको छ।

बैठकले सम्पत्ति शुद्धीकरण तथा आतंककारी कार्यमा वित्तीय लगानी निवारणका सम्बन्धमा नेपाल जोखिम सूचीमा परेको सन्दर्भमा वित्तीय कारबाही कार्यदल (एफएटीएफ) बाट स्वीकृत कार्ययोजना कार्यान्वयनको लागि प्रधानमन्त्री कार्यालयबाट समयसीमा तथा मन्त्रालयको जिम्मेवारीसहितको कार्यान्वयन कार्ययोजना तर्जुमा गरी सबै मन्त्रालयमा पत्राचार गर्ने र सबै मन्त्रालयले उक्त कार्ययोजनालाई पहिलो प्राथमिकतामा राखी कार्यान्वयन गर्ने निर्णयसमेत सचिव बैठकले गरेको छ।

यस्तै, नागरिकका समस्या र मागहरू समयमा नै सम्बोधन नहुँदा माग र समस्याका विषयहरू जटिल हुँदै गएको सन्दर्भमा आ-आफ्नो कार्यक्षेत्रका सम्बन्धमा उठेका विषयहरू तत्तत् निकायबाट शुरू अवस्थामा नै सम्बोधन गर्ने प्रबन्ध गर्ने निर्णयसमेत बैठकले गरेको छ।

## राजसंस्था...

साथै हिन्दु राष्ट्रको पुनःस्थापना, प्रदेश संरचनाको खारेजीलगायतका मागलाई समेत आन्दोलनमार्फत मुखरित गर्ने निर्णय बैठकले गरेको छ। राप्रपाको नेतृत्वमा हुने आन्दोलनको कार्यक्रम तय गर्न आगामी चैत १२ गते आन्दोलन परिचालन मूल समितिको बैठक पार्टी अध्यक्ष लिङ्देनको अध्यक्षतामा बस्ने र आन्दोलनका आगामी कार्यक्रम तय गर्ने निर्णय गरिएको प्रवक्ता श्रेष्ठले जानकारी दिनुभयो।

## इजरायलले...

जनवरी १९ मा शुरू भएको युद्धविरामलाई लम्ब्याउन भइरहेको वार्ता सहमतिमा पुग्न विफल भएको भन्दै इजरायलले आक्रमण गरेको हो। इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहू र रक्षामन्त्री इजरेल कात्सले मंगलवार बिहानै आक्रमणको आदेश दिएको इजरायलको प्रधानमन्त्री कार्यालयले जनाएको छ। आक्रमणको आदेश दिनुअघि इजरायलले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको प्रशासनसँग छलफल गरेको बताइएको छ। इजरायलको प्रधानमन्त्री कार्यालयले जारी गरेको विज्ञप्तिमा भनिएको छ- 'हमासले हाम्रा बन्धक रिहा गर्न बारम्बार अस्वीकार गर्नुका साथै अमेरिकी राष्ट्रपतिका दूत स्टीभ विट्कफ र मध्यस्थकर्ताका सबै प्रस्तावहरू अस्वीकृत गरेपछि आक्रमण गरिएको हो। अब इजरायलले थप सैन्य शक्तिसहित हमासविरुद्ध कदम चाल्ने छ।' यसअघि नै हमासलाई दबाब दिन इजरायलले गाजामा मानवीय सहायता र विद्युत् आपूर्ति कटौती गरिसकेको छ।

यसैबीच हमासले मंगलबार दिउँसो विज्ञप्ति जारी गरी गाजामा भएको आक्रमणका लागि अमेरिकालाई जिम्मेवार ठहर्‍याउँदै गाजामा तनाव मत्थर पार्न आफू लागिपरेको भन्ने अमेरिकी दाबी झुठो सावित भएको टिप्पणी गरेको छ। विज्ञप्तिमा 'गाजामा भएको कब्जा र त्यसका समर्थकहरूलाई मानवतामाथि भएका यी अपराध'का लागि उत्तरदायी बनाउन अन्तर्राष्ट्रिय समुदायलाई आग्रह पनि गरिएको छ। साथै हमासले यो आक्रमणले आफूसँग भएको इजरायली बन्धकको भविष्य अन्यौल बनाएको धम्की पनि दिएको छ।

यसैबीच संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरसले गाजामा धेरै मानिसको ज्यान जानेगरी भएको इजरायली हवाई आक्रमणबाट आफू स्तब्ध भएको बताउनुभएको छ।

### नाम परिवर्तन गरिएको सूचना

यस कम्पनीको मिति २०८१/१०/१६ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविकको कम्पनी **एच. एण्ड एच. फेमिली वेलनेस सेन्टर प्रा.लि.** (प्रा.लि.नं. २८५२८५) को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने गरी श्री कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८१/१०/२१ गतेको निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **एच. एण्ड एच. हस्पिटल प्रा.लि.** कायम गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

---

MANJUSHREE FINANCE LIMITED
मञ्जुश्री फाईनान्स लिमिटेड
(नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजतपत्रप्राप्त संस्था)

ॐ कार विल्डिङ्ग (दोस्रो तल्ला) नयाँ बानेश्वर, काठमाण्डौं
फोन नं.: ०१-४७९२५१७, ४७९३१८५-१२०
फ्याक्स : ९७७-१-४७८२५१७
Website: www.manjushreefinance.com
Email: info@ manjushreefinance.com.np

### धितोमा रहेको सम्पत्ति लिलाम बिक्रीका लागि गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएको ०७ दिने सार्वजनिक सूचना

**प्रकाशित मितिः २०८१/१२/०६**

यस वित्तिय संस्थाको बुटवल शाखा कार्यालयबाट तपसिल बमोजिमको चल-अचल सम्पत्ति धितो राखि, कर्जा लिने तपाई ऋणीले यस संस्थालाई समय समयमा तिर्न बुझाउनु पर्ने साँवा ब्याज लगायतका वित्तिय संस्थाको लेना रकम नबुझाई कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लघंन गर्नु भएको र पटक पटक मौखिक, लिखित, फोन तथा SMS मार्फत तर-ताकेता गर्दा समेत कर्जाको साँवा ब्याज लगायतका रकम चुक्ता भुक्तानी नगर्नु भएकोले यस अघि राष्ट्रिय दैनिक पत्रिकामा ३५ दिने र १५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत उक्त कर्जा चुक्ता पनि नभएको र धितो सकार गर्न कुनैपनि आवश्यक शिलबन्दी बोलपत्र नपरेको हुँदा उपरोक्त सम्पूर्ण ऋण कर्जामा धितोमा रहेका तपसिलमा उल्लेखित चल अचल सम्पत्ति लिलामका लागि यो सूचना प्रकाशित गरिएको छ। अतः धितो सुरक्षणमा रहेका तपसिलमा उल्लेखित चल-अचल सम्पत्ति हाल जे जस्तो अवस्थामा छ, सोही अवस्थामा निज ऋणीले यस वित्तिय संस्थालाई लेखिदिएको लिखत, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ तथा प्रचलित ऐन कानुन बमोजिम लिलाम विक्री गरी निज ऋणीबाट धनी वित्तिय संस्थाले असूल गर्न बाँकी रहेको लेना रकम असुल उपर गर्नुपर्ने भएको हुँदा उक्त धितो सुरक्षणमा रहेको चल-अचल सम्पत्ति हाल जे जस्तो अवस्थामा छ, सोही अवस्थामा सकार गरी लिन इच्छुक महानुभावहरुबाट यो सूचना प्रकाशित भएको मितिले ०७ (सात) दिन भित्र कार्यालय समय भित्र आई पुग्ने गरि निम्न शर्तहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ। प्राप्त बोलपत्रहरु यस वित्तिय संस्थाको केन्द्रिय कार्यालय नयाँ बानेश्वरमा ०८औं दिन वा सो दिन विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिन दिउँसो ४:३० बजे खोलिने हुँदा उक्त दिन सम्बन्धित बोलपत्रदाता वा आधिकारिक प्रतिनिधि तथा सम्बन्धित ऋणी तथा जमानीकर्तालाई उपस्थित हुन समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ। तर सम्बन्धित बोलपत्रदाता वा आधिकारिक प्रतिनिधि, सम्बन्धित ऋणी तथा व्यक्तिगत जमानी कर्ताको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पुग्ने छैन। लिलामी कारवाही प्रकृया यस वित्तिय संस्थाको कर्जा निति अनुसार अगाडी बढाईनेछ। साथै शिलबन्दी बोलपत्रको म्यादभित्र सम्बन्धित ऋणी तथा सरोकारवालाले सम्पूर्ण बाँकी बक्यौता कर्जा चुक्ता भुक्तान गरेमा भने बोलपत्र स्वतः रद्द हुनेछ।

**तपसिल**

| ऋणीको विवरण | व्यक्तिगत जमानी दिनेहरुको विवरण |
|---|---|
| **ऋणीको नाम : मधुसुदन आचार्य**<br>बाबु : केदार नाथ आचार्य<br>बाजे : भोलानाथ आर्चाय<br>ना.प्र.नं. : १३०८/९२६९<br>जारी मिति : २०४८/०९/२३, जि.प्र.का : काठमाडौं<br>ठेगाना : पाल्पा जिल्ला, रामपुर गा.वि.स वडा नं. ०५, को परिवर्तित पाल्पा जिल्ला, रामपुर न.पा. वडा नं. ०३।<br>हाल : रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. ०९।<br>**कर्जाको प्रकार : आवास कर्जा** | **व्यक्तिगत जमानिकर्ता : सुशान्त आचार्य**<br>बाबु : मधु सुदन आचार्य<br>बाजे : केदार नाथ आचार्य<br>ना.प्र.नं. : ३७-०१-७१-०७३६८<br>जारी मिति : २०७१/०८/११, जि.प्र.का : रुपन्देही<br>ठेगाना : रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. ०९। |
| **व्यक्तिगत जमानिकर्ता : बिष्णु माया अर्याल आचार्य**<br>बाबु : हरि प्रसाद<br>पति : मधुसुदन आचार्य<br>ना.प्र.नं. : ११७३४<br>जारी मिति : २०४५/०२/२३, जि.प्र.का : रुपन्देही<br>ठेगाना : रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. ०९। | **धितो सुरक्षणमा रहेको सम्पत्तिको विवरणः**<br>मधूसूदन आचार्यको नाममा मा.पो.का रुपन्देहीमा दर्ता कायम रहेको रुपन्देही जिल्ला पोखरभिन्डी गा.वि.स/न.पा. वडा नं. ५, नक्सा सिट नं. ५ख स्थित कि.नं. २३९, २१२ र २०९ को क्षेत्रफल ०-०-३-० (५०.८० व.मि), ०-१-३.२५-० (३९३.६७ व.मि) र ०-०-१४-० (२३७.०५ व.मि) को घर जग्गा तथा सो ले चर्चेको लिगलगापात समेत। |

**शर्तहरूः**

१. बोलपत्र फाराम यस वित्तिय संस्थाको केन्द्रिय कार्यालय नयाँ बानेश्वरबाट तथा शाखा कार्यालयहरुबाट रु. १००।- तिरी खरिद गर्न सकिनेछ। फोटोकपी गरिएको फाराम मान्य हुने छैन।
२. प्राप्त बोलपत्र फाराममा कुनै प्राविधिक तथा अन्य समस्या देखिएमा यस वित्तिय संस्थाको निर्णय अन्तिम हुनेछ। शिलबन्दी बोलपत्रबाट उक्त सम्पति लिलाम हुन नसकेमा उक्त सम्पतिको स्वामित्व वित्तिय संस्थाले लिन सक्ने छ।
३. गोप्य शिलबन्दी फाराम यो सूचना प्रकाशित भएको मितिले ०७ औ दिन (सो दिन विदा परेमा त्यस लगतै कार्यालय खुलेको दिन) वित्तिय संस्थाको केन्द्रिय कार्यालय नयाँ बानेश्वरमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ। प्राप्त बोलपत्रहरु यस वित्तिय संस्थाको केन्द्रिय कार्यालय नयाँ बानेश्वरमा उपरोक्त बमोजिम प्राप्त भएको अन्तिम मितिको भोलिपल्ट वा सो दिन बिदा परेमा त्यस लगतै कार्यालय खुलेको दिन खोलिनेछ।
४. यस सम्बन्धमा अन्य कुनै कुरा बुझ्नु परेमा वित्तिय संस्थाको केन्द्रिय कार्यालय नयाँ बानेश्वरमा सम्पर्क राख्न सकिने छ। लिलाम बिक्री सम्बन्धी विस्तृत शर्तहरु बोलपत्र आवेदन फारममा उल्लेख गरिनेछ।

**लिलामीका लागि शिलबन्दी बोलपत्र खोलिने स्थानः मञ्जुश्री फाईनान्स लिमिटेड, केन्द्रिय कार्यालय, नयाँ बानेश्वर**
**समय : दिउँसो ४:३० बजे, मितिः २०८१/१२/१३ गते**

---

## प्रिमियर अर्गानिक्स लिमिटेड
सुनसरी, दुहवी

### विशेष साधारण सभाको सूचना

**श्री शेयरधनी महानुभाव ज्यूहरु,**

मिति २०८१।११।१६ मा बसेको यस कम्पनिको संचालक समितिको बैठकको निर्णयानुसार यस कम्पनिको विशेष साधारण सभा निम्नलिखित मिति, स्थान र समयमा देहायका विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी एवं उपस्थितिका लागि यो सूचना प्रेषित गरिएको छ।

**सभा हुने मिति, समय र स्थानः**
मिति : २०८१।१२।११ गते
स्थान : कम्पनीको रजिष्ट्रारको कार्यालय
समय : बिहान ११:०० बजे।

**छलफलका विषयहरु**

**क) साधारण प्रस्तावहरुः**
१. कम्पनीको नाम परिवर्तन गर्ने सम्वन्धमा।
२. कम्पनीको पुजि बृदी गर्ने सम्वन्धमा।
३. जगेडा शेयर खरिद विक्रि गर्ने सम्वन्धमा।
४. विविध।

**ख) विविध प्रस्तावहरुः वार्षिक साधारण सभा सम्बन्धी अन्य जानकारी**

क) विशेष साधारण सभाको सूचना तथा संक्षिप्त प्रतिवेदन प्रत्येक शेयरधनीको उपलब्ध ठेगानामा हुलाक/कुरिएर/मेसेन्जर मर्फत् पठाईने छ। वार्षिक साधारण सभा सम्बन्धी कुनै जानकारी आवश्यक भएमा कम्पनीको रजिष्टर्ड कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध छ।

ख) विशेष साधारण सभाको भाग लिनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले प्रतिनिधि पत्र (प्रोक्सी) फारम भरी सभा शुरु हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै कम्पनीको रजिष्टर्ड कार्यालयमा दर्ता गराई सक्नु पर्ने छ।

**संचालक समितिका आज्ञाले,**
**कम्पनीको सचिव**

---

## विशेष आर्थिक क्षेत्र प्राधिकरण
त्रिपुरेश्वर, काठमाण्डौं

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रथम पटक प्रकाशित मिति :- २०८१/१२/०६**

उपरोक्त सम्बन्धमा यस प्राधिकरणको मिति २०८१/१०/२३ गतेको राष्ट्रिय दैनिकमा प्रकाशित सूचना अनुसार प्राप्त बोलपत्रहरू मध्ये देहाय बमोजिमको बोलपत्रको कबोल अंक न्यूनतम मूल्याङ्कित सारभुत रूपमा प्रभावग्राही देखिएकाले तपसिलको बोलपत्र स्वीकृतीको लागि छनौट गर्ने निर्णय भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ उपदफा (२) को प्रयोजनार्थ सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ।

| सि. नं. | कार्यको विवरण | बोलपत्रदाताको नाम/ ठेगाना | कबोल अंक ने. रु. (भ्याट र P.S. समेत) |
|---|---|---|---|
| १. | Construction and maintenance of Water Supply works inside Special Economic Zone Site Simara, Bara, MoICS/SEZA/WORKS/04-081/82. | Gautam Nirman Sewa, Parsa. | २६,७६,३१६.४७ |

---

## गोप्य शिलवन्दी बोलपत्रद्धारा धितो लिलाम बिक्री सम्वन्धि ३५ दिने अत्यन्त जरुरी सूचना

**प्रथम पटक प्रकाशित : २०८१।१२।०६ गते**
**सूचना नं.: १३८-०८१/०८२**

यस संघबाट तपशिलमा उल्लेखित ऋणी संस्था एवं धितो जमानीकर्ताले उपभोग गरेको कर्जाको सांवा, ब्याज र हर्जाना रकम तिर्न बुझाउन पर्नेमा हालसम्म नबुझाई कर्जा सम्बन्धि शर्त तथा बन्देजहरु उल्लंघन गरेकाले सो सम्बन्धमा मौखिक तथा लिखित पत्रद्धारा सूचना गर्दा समेत तिर्न बुझाउन पर्ने कर्जाको सांवा, ब्याज, हर्जाना तथा अन्य दैदस्तुरको रकम समेत चुक्ता भुक्तानी नगरी बाँकी रहेको हुनाले यो धितो लिलाम बिक्री सम्बन्धी ३५ दिने सूचना प्रकाशित गरीएको छ। अतः उल्लेखित म्याद भित्र तपशिलमा उल्लेखित धितो सुरक्षण सम्पत्ती लिलाम बिक्रीमा सहभागी हुन र बोलपत्र खरिद गरी लिन इच्छुक संघ, संस्था, फर्म, कम्पनी तथा सर्बसाधारण महानुभावहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफुले कबोल गरेको रकम सहितको बोलपत्र पेश गर्नु हुन एवं ऋणी संस्था तथा धितो जमानीकर्ताले संघको लेना रकम ३५ दिन भित्र चुक्ता गर्नुहुन समेत अनुरोध गर्दछौं। अन्यथा सूचना प्रकाशित भएको ३६ औ दिनमा प्राप्त बोलपत्र खोलिने छ, साथै लिलाम बिक्रीमा सो सुरक्षण धितो सम्पत्ती कसैले नसकारेमा वा रितपूर्बक बोलपत्र नपरेमा वा धितोकर्ताले समेत आफुले दिएको जमानतको घरजग्गा फिर्ता लिन कर्जाको सांवा, ब्याज, हर्जाना तथा अन्य लागेको दैदस्तुरको रकम समेत चुक्ता नगरेमा वा चुक्ता गर्न पहल नगरेमा सहकारी ऐन, नियमावली, प्रचलित नीति नियम तथा प्रचलित कानुन बमोजिम यस संघको विनियम र अन्तरलगानी नीतिले दिएको अधिकार प्रयोग गरी संघलाई लेखिदिएको धितो लिलाम विक्री वा धितो सुरक्षण सम्पत्ती पुनः लिलाम बिक्री वा यस संघ आफैले सकार गरी लिने ब्यहोरा समेत सम्बन्धित सबैलाई जानकारी गराईन्छ। धितो लेखिदिएको सम्पत्ती लिलाम बिक्री गर्दा वा संघ आफैले सकार गर्दा साबिकमा संघबाट भएको मुल्यांकन भन्दा कम मुल्यमा बिक्री भयो वा मेरो, हाम्रो सम्पत्तीको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा संघ आफैले सकार गरी लियो भनी कहि कतै उजुर बाजुर गर्न पाउने छैन। साथै सुरक्षणमा रहेको सम्पुर्ण धितो लिलाम बिक्रीबाट पनि यस संघको सम्पुर्ण लेना रकम असुल उपर नभएमा सम्बन्धित ऋणी संस्था तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा सम्पत्तीबाट समेत असुल उपर गरी लिने र ऋणी तथा जमानीकर्तालाई कानुन बमोजिम कालो सुचिमा समाबेश गरिने ब्यहोरा समेत सम्बन्धित सबैलाई सुचित गराईन्छ।

**तपशिल**

| ऋणी संस्थाको नाम : सगरमाथा बचत तथा ऋण सहकारी संस्था लि, धनगढी, कैलाली |
|---|
| **संचालकहरुको विवरण** |
| १. अध्यक्ष : विश्व प्रकाश पौडेल, बाबुको नाम : थानेश्वर पौडेल, बाजेको नाम : टिकाराम पौडेल |
| २. उपाध्यक्ष : देव बहादुर धामी, बाबुको नाम : सोभान धामी, बाजको नाम : सालीमान धामी |
| ३. सचिव : राज कुमार सिंह, बाबुको नाम : जोगी सिंह, बाजेको नाम : मकर ध्वज सिंह |
| ४.कोषाध्यक्ष : कृष्ण चौधरी, बाबुको नाम : बिरवल डगौरा थारु, बाजेको नाम : वासुदेव डगौरा थारु |
| ५. सदस्य : खगेन्द्र कठायत, बाबुको नाम : कल कठायत, बाजेको नाम : पदम बहादुर कठायत |
| ६. सदस्य : राम कुमार चौधरी, बाबुको नाम : चन्द्राम डगौरा, बाजेको नाम : धनिराम चौधरी |
| ७. सदस्य : राम कृष्ण साही, बाबुको नाम : नरबिर साही, बाजेको नाम : बिच्छमि साही |

**धितोदाता एवं धितोको विवरण**

१. टिकाराम पौडेलको नाती थानेश्वर पोडेलको छोरा विश्व प्रकाश पौडेलको नाममा श्री मालपोत कार्यालय धनगढी, कैलालीमा दर्ता श्रेष्ता कायम रहेको, कैलाली जिल्ला साबिक भजनी गा.बि.स./न.पा. बडा नं ७, कित्ता नं ७३४ को क्षेत्रफल ०-१९-१२-२/६६४५.८० व.मीको जग्गा र सो ले चर्चेको लिगलगापात समेत।

**शर्तहरु**

१. बोलपत्र फाराम यस संघको केन्द्रिय तथा सदस्य सेवा कार्यालयहरुबाट रु.५०० (अक्षेरुपी पांच सय) रुपैयाँमा फिर्ता नहुने गरी खरिद गर्न सकिने छ।
२. बोलपत्र फाराममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ। बोलपत्र फाराममा आफुले लिन चाहेको अचल सम्पतीको बिबरण यस संघबाट प्रकाशित सूचनाको आधारमा नै भर्नुपर्नेछ। उल्लेखित अचल सम्पत्तिको स्पष्ट बिबरण उल्लेख गरी सो को मुल्य अंक र अक्षरमा भर्नुपर्नेछ। अंक र अक्षरमा रकम फरक पर्न गएमा अक्षरमा उल्लेखितलाई मान्यता दिईने छ। बोलपत्रमा उल्लेख भएका विषय वाहेक अन्य कुनै थप शर्त राखी वोलपत्र पेश गरेमा त्यस्तो बोलपत्र स्वतः रद्ध हुनेछ।
३. बोलपत्रमा आफुले कबोल गरेको अंकको कम्तीमा १० प्रतिशतले हुन आउने रकम यस संघको केन्द्रिय कार्यालयको नाममा रहेको ग्लोबल आई.एम.ई बैंक, बानेश्वरमा रहेको खाता नं १७२०१०१००००३०५ मा जम्मा गरेको सक्कल भौचर वा यस संघमा नगदै जम्मा गरेको भौचर बोलपत्र साथ पेश गर्नुपर्नेछ।
४. लिलाम बिक्री हुने धितो सुरक्षण निरिक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगाबै यस संघको केन्द्रिय कार्यालय बानेश्वरमा कार्यालय सञ्चालन समय भित्र सम्पर्क राखि जे जस्तो अबस्थामा छ सोहि अबस्थामा निरिक्षण गर्न सकिनेछ। साथै सोहि अबस्था वा परिमाणमा स्वीकार गरी लिनु पर्नेछ।
५. बोलपत्र स्वीकृत भएको सूचना पाएको ७ दिन भित्र सम्पुर्ण रकम बुझाई अचल सम्पत्ती आफ्नो नाममा नामसारी गरी लिनु पर्नेछ। सो म्याद भित्र रकम नबुझाएमा धरौटी रकम स्वत जफत हुनेछ। नामसारी गर्दा लाग्ने दस्तुर, पुँजिगत लाभकर, पानी, बत्ति, बिजुली, मालपोत कर दस्तुर सदर भएको बोलपत्रदाताले बहन गर्नुपर्नेछ।
६. बोलपत्र दाखिला भईसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तहरुमा कुनै हेरफेर हुने छैन। साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुंगो नलागे सम्म सामान्यतया धरौटी रकम फिर्ता दिईने छैन।
७. रित नपुगेको वा म्याद नाघि पेश हुन आएको बोलपत्र स्वत रद्ध हुनेछ।
८. बोलपत्र स्वीकार गर्ने वा अस्वीकार गर्ने र लिलाम सम्बन्धि सम्पुर्ण कार्यगर्ने अधिकार संघमा निहित हुनेछ।
९. बोलपत्र सदर बदर हुनु अगाबै ऋणीले सम्पुर्ण रकम बुझाएमा प्राप्त बोलपत्रहरु रद्ध गरी धरौटी फिर्ता दिन सकिनेछ। धरौटी स्वरुप राखेको रकममा ब्याज दाबि गर्न पाईनेछैन।
१०. उल्लेखित धितोपत्रहरुका लागि एकमुष्ट वा छुट्टा छुट्टै बोलपत्र पेश गर्न सकिनेछ।
११. लिलाम सूचना प्रकाशित भएको मितीले ३५ दिन भित्र बोलपत्र पेश गर्नुपर्ने छ। उक्त दिन बिदा परेमा सो को भोलिपल्ट कार्यालय समय भित्र पेश गर्न सकिनेछ। लिलाम सूचना प्रकाशित मितिले ३६ औ दिन दिउसो कार्यालय सञ्चालन समय भित्र संघको सेवा केन्द्र कार्यालय धनगढिमा बोलपत्र खोलिनेछ। यदि ३६ औ दिनमा सार्बजनिक बिदा परेमा सो को भोलिपल्ट वा कार्यालय खुलेको दिनमा उल्लेखित समयमा बोलपत्र खोलिनेछ। ३५ दिन सम्म ऋणी वा धितोवालाले संघको ऋण चुक्ता बुझाई धितो फुकुवा गरी लैजान सक्नेछ।
१२. प्राप्त भएका बोलपत्रहरु बोलपत्र पेश गर्ने ब्यक्ति वा नीजको प्रतिनिधिहरुको रोहबरमा खोलिनेछ। यदी बोलपत्र पेश गर्ने ब्यक्ति वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न संघलाई बाधा परेको मानिने छैन।

यस सम्बन्धी विस्तृत जानकारीका लागि :

**नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून)**
नयाँ बानेश्वर, काठमाण्डौ। फोन नं. ०१ ४७९१९६३, ४७९०२०१
इमेलः nefscun@nefscun.org.np, nefscun329@gmail.com

---

नेपाल सरकार
## नेपाल ट्रस्टको कार्यालय
कमलादी, काठमाडौं

### बोलपत्र आव्हान सम्बन्धी सूचना

**प्रकाशित मितिः २०८१।१२।०६**

यस कार्यालयले बोलपत्रको माध्यमबाट निम्न निर्माण कार्य गराउनु पर्ने भएकोले इच्छुक योग्य निर्माण व्यवसायीलाई मिति २०८२।१।०५ (April 18th, 2025) गते दिनको १२:०० बजेभित्र सार्वजनिक खरिद अनुगमन कार्यालयको e-GP System मार्फत बोलपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ। बोलपत्र सम्बन्धी विस्तृत जानकारीको लागि www.bolpatra.gov.np/egp मा हेर्न र डाउनलोड गर्न सकिनेछ।

| सि. नं. | ठेक्का नं. | ठेक्काको विवरण | लागत अनुमान रु. (मू.अ.क र Contingency बाहेक) | बोलपत्र जमानत रकम रु. | बोलपत्र दस्तुर रु. |
|---|---|---|---|---|---|
| 1 | 02/NCB/WORKS/ NTO/2081-82 | Maintenance of Himagriha | 25,52,944.92 | 75,000.00 | 3000.00 |

# राष्ट्रिय खेलकुदको लोगो र मस्कट सार्वजनिक

**नेपाल समाचारपत्र, काठमाडौं**

कर्णाली प्रदेशमा हुने दसौं राष्ट्रिय खेलकुदको लोगो र मस्कट मंगलवार सार्वजनिक गरिएको छ।

सातदोबाटोस्थित अन्तर्राष्ट्रिय खेलकुद परिसरमा आयोजित कार्यक्रममा राष्ट्रिय खेलकुद परिषद् (राखेप) का अध्यक्ष युवा तथा खेलकुद मन्त्री तेजुलाल चौधरीले लोगो तथा राखेपका उपाध्यक्ष ध्रुव आचार्यले मस्कट सार्वजनिक गरे। सोही अवसरमा राखेपका सदस्य-सचिव टंकलाल घिसिङले दसौंको डेकिकेटेड वेभसाइट सार्वजनिक गरेका थिए।

